केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१६/०६७/६८

मिति: २०६७/१०/०५

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६७ इ.प्रा.निर्देशन नं. ६/०६७ (संस्थागत सुशासन सम्बन्धी व्यवस्था) को बुँदा नं १२ लाई खारेज गरी बुँदा नं. २ को उपबुँदा (ड) लाई देहाय बमोजिम परिमार्जन गरिएको छ ।
*"प्रचलित कानुनले तोकेको अवस्थामा बाहेक इजाजतपत्रप्राप्त संस्थाका गैर कार्यकारी संचालक तथा अन्य संचालकहरुले प्रमुख कार्यकारी अधिकृतको अनुपस्थितिमा प्रमुख कार्यकारी अधिकृतको हैसियतले दैनिक कार्यसंचालन गर्न पाइने छैन । साथै, गैर कार्यकारी अध्यक्ष तथा संचालकहरुले आफ्नो संस्थाको लेटरप्याड तथा छाप प्रयोग गरी कुनै पनि पत्राचार गर्न पाइने छैन । तर गैर कार्यकारी अध्यक्षलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा २४ को उपदफा (६) बमोजिम* ***संचालकले बैंक तथा वित्तीय संस्थाको व्यवस्थापनको दैनिक काम कारवाहीमा हस्तक्षेप गर्नु हुँदैन*** *भन्ने व्यवस्थाको अधिनमा रही दैनिक कार्यसंचालनसंग सम्बन्धित वाहेकका विषयमा लेटरप्याड तथा छाप प्रयोग गरी पत्राचार गर्न भने यस व्यवस्थाले बाधा पर्ने छैन ।"*

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

<u>बोधार्थ</u> :
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
९. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१०. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
११. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।